# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०६।१० गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला उदयपुर, त्रियुगा नगरपालिकाका कर्मचारीहरुसमेतले आ.व. २०७८/०७९ मा ढुङ्गा, गिटी, ग्राभेल, रोडा, बालुवा उत्खनन संकलन तथा बिक्री गरी कर उठाउने ठेक्कामा अनुचित कार्यगरी मिलेमतोमा बदनियतपूर्वक राजस्व हानिनोक्सानी गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **त्रियुगा नगरपालिकाका तत्कालीन नगर प्रमुख बलदेव चौधरी**ले आर्थिक वर्ष २०७८/०७९ मा त्रियुगा नगरपालिकाभित्रका बरुवा खोला, त्रियुगा खोला र सुनकोशी नदीको नदीजन्य पदार्थ माटो बाहेकको प्रारम्भिक वातबरणीय परीक्षण प्रतिबेदन (IEE) स्वीकृत गरेको, त्रियुगा नगरपालिकाको नगरस्तरीय राजस्व परामर्श समितिको निर्णयअनुसार आ.व. २०७८/०७९ को लागि नदीजन्य पदार्थको प्रस्ताबित आय प्रक्षेपण गरेकोमा निज नगर प्रमुखकै अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार ढुङगा, ग्राभेल, बालुवा उत्खनन, संकलन, बिक्री कर उठाउने प्रयोजनको लागि न्यूनतम अंक कायम गर्ने निर्णय गरी निजले नगरस्तरीय राजस्व परामर्श समितिको निर्णय तथा IEE प्रतिबेदन अनुसारको अनुमानित राजस्व रकमसमेतलाई बेवास्ता गरी मिलेमतोमा ठेक्काको न्यूनतम रकम कायम गरेको कारण बास्तबिक उठाउनु पर्ने राजस्व रकम नउठाई राजस्व चुहावट भएको रु.६२,९१,२०४।२२ (बैसठ्ठी लाख एकानब्बे हजार दुई सय चार रूपैयाँ बाईस पैसा) र ठेक्का नै नभएको माटो भरौटे र बलौटे गैरकानूनी ढंगले उत्खनन र बिक्री गर्न दिएको, प्रत्यक्ष-अप्रत्यक्ष सहयोग पुऱ्याएको कारण माटो भरौटे र बलौटेको राजस्व रु.१८,४४,१७७।९४ (अठार लाख चौवालीस हजार एक सय सतहत्तर रुपैया चौरानब्बे पैसा) चुहावट भएको पाइएको हुँदा उक्त कार्यमा निजले जम्मा रू.८१,३५,३८२।१६ (एकासी लाख पैतीस हजार तीन सय बयासी रुपैया सोह्र पैसा) राजस्व चुहावट गरेकोले निज बलदेव चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) र (ख) बमोजिमको कसुरमा बिगो रु.८१,३५,३८२।१६ (एकासी लाख पैतीस हजार तीन सय बयासी रुपैया सोह्र पैसा) कायम गरी निजलाई सोही ऐनको दफा ७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ७ बमोजिम चुहावट भए/गरेको राजश्व रकमको दोब्बर रु.१,६२,७०,७६४।३२ जरिवाना हुन मागदाबी लिइएको छ।

**त्रियुगा नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत किरण कुमार कार्कीले** IEE प्रतिवेदन तथा नगरस्तरीय राजस्व परामर्श समितिको निर्णयसमेतलाई अनदेखा गरी आ.व. २०७८/०७९ को लागि बरुवा, त्रियुगा खोला र सुनकोशी नदीबाट नदीजन्य पदार्थ उत्खनन र बिक्री कार्यको लागि न्यूनतम ठेक्का कायम गर्न निर्णय/स्वीकृत गर्ने कार्यमा सहभागी भई रु.६२,९१,२०४।२२ कम रकममा ठेक्का सम्झौता गरी नगरपालिकाको राजस्व चुहावट गरेको, निज आफूसमेतले निर्णय र सम्झौता गरेको नदीजन्य पदार्थको उत्खनन र बिक्री कार्यको अनुगमन, सुपरिवेक्षणसमेतको कार्य गरी/गराई नदीजन्य पदार्थको दुरुपयोग तथा हानिनोक्सानी गरी राजश्व चुहावट हुन/गर्न नदिने तर्फ उपर्युक्त ब्यबस्था समेत गर्नुपर्नेमा सो कार्य नगरी/नगराई ठेक्का नै नभएको माटो भरौटे र बलौटेसमेतको रु.१८,४४,१७७।९४ राजश्व चुहावट गरेको देखिन आएकोले उक्त कार्यमा निजले

रु.८१,३५,३८२।१६ (एकासी लाख पैतीस हजार तीन सय बयासी रुपैया सोह्र पैसा) राजस्व चुहावट गरेको पाईएको हुँदा निज किरण कुमार कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) र (ख) बमोजिमको कसुरमा बिगो रु.८१,३५,३८२.१६ (एकासी लाख पैतीस हजार तीन सय बयासी रुपैया सोह्र पैसा) कायम गरी निजलाई सोही ऐनको दफा ७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ७ बमोजिम चुहावट भए/गरेको राजस्व रकमको दोब्बर रु.१,६२,७०,७६४।३२ जरिवाना हुन मागदाबी लिइएको छ।

**त्रियुगा नगरपालिकाका तत्कालीन राजस्व शाखा प्रमुख गुरु प्रसाद ढकालले** नदीजन्य सामग्रीको ठेक्का दिँदा ठेक्काको न्यूनतम रकम कायम गर्न मिलेमतो गरेको कारण राजस्व चुहावट भएको रु. ६२,९१,२०४।२२ (बैसट्ठी लाख एकानब्बे हजार दुई सय चार रूपैया बाईस पैसा) र ठेक्का नै नभएको माटो भरौटे र बलौटे गैरकानूनी ढंगले उत्खनन र बिक्री गर्न दिएको कारण राजस्व रकम रु.१८,४४,१७७।९४ (अठार लाख चौवालीस हजार एक सय सतहत्तर रुपैया चौरानब्बे पैसा) चुहावट भएको हुँदा उक्त कार्यमा निजले राजस्व रकम रु.८१,३५,३८२।१६ (एकासी लाख पैतीस हजार तीन सय बयासी रुपैया सोह्र पैसा) चुहावट गरेको पाइएकोले निज गुरु प्रसाद ढकाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) र (ख) बमोजिमको कसुरमा बिगो रु.८१,३५,३८२.१६ (एकासी लाख पैतीस हजार तीन सय बयासी रुपैया सोह्र पैसा) कायम गरी सोही ऐनको दफा ७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१)को देहाय (ज) बमोजिमको कैदको सजाय गरी सोही ऐनको दफा ७ बमोजिम चुहावट भए/गरेको राजस्व रकमको दोब्बर रु.१,६२,७०,७६४।३२ जरिवाना हुन मागदाबी लिइएको छ।

**साथै निश्चल ट्रेडर्स हेटौडाका प्रोपाइटर तथा ठेकदार राजेश बछार**ले तत्कालीन नगर प्रमुख बलदेव चौधरी, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत किरण कुमार कार्की र तत्कालीन राजस्व शाखा प्रमुख गुरु प्रसाद ढकालसमेतसँग मिलेमतो गरी सम्झौताको सर्त बिपरीत बोलपत्र र सम्झौता नै नभएको, दरभाउ नै पेश नभएको नदीजन्य पदार्थ उत्खनन, बिक्रीसमेत गरेको, निजले सम्झौताको सर्त बमोजिमको कार्य नगरी बलौटे र भरौट माटो अबैध रुपमा उत्खनन र बिक्री गरी बिगो रकम जम्मा रु.१८,४४,१७७।९४ (अठार लाख चौवालीस हजार एक सय सतहत्तर रुपैया चौरानब्बे पैसा) राजस्व चुहावटमा मतियारको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) र (ख) बमोजिमको कसुरको मतियार भई ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांशको प्रावधान बमोजिमको कसुर गरेको पाइएको हुँदा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांशको प्रावाधान अनुसार मुख्य प्रतिवादीलाई हुने सजाय सरह निज राजेश बछारलाई सोही ऐनको दफा ७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद सजाय गरी चुहावट भएको राजस्व रकम रु.१८,४४,१७७।९४ को दोब्बर रकम रु.३६,८८,३५५।८८ निजबाट असुल उपर समेत हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल